०४४-५५०६७५

# बर्दिबास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बर्दिबास, महोत्तरी

२ नं. प्रदेश, नेपाल

स्थापना २०७३

पत्र संख्या : प्र.०७३।०७४

च.नं : ८८६

मिति : २०७३।१२।१८

विषय : सामाजिक सुरक्षा सम्वन्धमा ।

श्री वडा सचिव सबै

बर्दिबास नगरपालिका ।

उपयुर्क्त सम्बन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय केन्द्रीय पंजीकरण विभागको च.नं.८२० मिति २०७३।१२।१५ को सामाजिक सुरक्षा सम्बन्धि थप निर्देशन प्राप्त हुन आएको हुदा सो को छायाँकपि यसैसाथ संलग्न राखी पठाइएको छ । सोही अनुसारको विवरण यथाशिघ्र उपलब्ध गराईदिनु हुन जानकारी गराईन्छ ।

२०७३।१२।१८

राम कुमार कार्की

कार्यकारी अधिकृत

e-Mail: bardibasmunicipality@gmail.com,Website-bardibasmun.gov

नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# केन्द्रीय पञ्जीकरण विभाग

बबरमहल, काठमाडौं

पत्र संख्या: २०७३।०७४
चलानी नम्बर: ८६२

फो.नं. ०१४२३३८७९
फ्याक्स : ०१४२५८२४०

मिति: २०७३/१२/१५

विषय: निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै),
श्री महानगरपालिका कार्यालय (सबै),
श्री उप–महानगरपालिका कार्यालय (सबै),
श्री नगरपालिका कार्यालय (सबै),
श्री गाँउपालिका कार्यालय (सबै),

प्रस्तुत विषयमा यस विभागमा मिति: २०७३/१२/९ गते बसेको विभाग स्तरीय बैठकको निर्णय संलग्न गरिएको छ । उक्त निर्णयको कार्यान्वयन गर्नु हुन आदेशानुसार अनुरोध छ ।

कमला घिमिरे
(शाखा अधिकृत)

**निर्णयहरु:**

स्थानीय तहलाई तपसिल बमोजिमका विषयमा निर्देशन दिने निर्णय गरियो ।

१) साविकको जिल्ला विकास समितिको कार्यालयमा पंजिकरण सम्बन्धि कार्य गर्न तोकिएका कर्मचारीको व्यवस्थापन सम्बन्धमा नेपाल सरकारको स्थानीय तहको शासन संचालन सम्बन्धमा जारी गरिएको आदेश २०७३ को बुदा नं. १६ बमोजिम जिल्ला समन्वय समितिको कार्यालयको पंजिकरण हेर्ने कर्मचारी खटिएको भए सोही बमोजिम हुने कार्य गर्न निर्देशन गर्ने ।

२) यसरी बुदा नं. १ बमोजिम पंजीकरण हेर्ने कार्मचारी खटिन बाँकी रहेको भए नखटिउन्जेल:

- क) गाउपालिका/नगरपालिकाले व्यक्तिगत घटना दर्तालाई VERSP-MIS मार्फत दर्ता गर्ने सम्बन्धमा नेपाल सरकार माननीय मन्त्रीस्तर (संघिय मामिला तथा स्थानीय विकास मन्त्रलय) मिति २०७३/११/३० मा जारी गरिएको निर्देशनको परिपालन गर्ने ।
- विगतमा केन्द्रिय पंजीकरण विभागले उपलब्ध गराएको व्यक्तिगत घटना दर्ताको फाराम, छाप, आदि गाँउपालिका तथा नगरपालिका र वडामा रहने पंजाधिकारीलाई उपलब्ध गराउने ।
- जिल्ला समन्वय समितिको कार्यालयमा रहेका संर्पूण सुचना फारामलाई व्यवस्थित र सुरक्षित रुपमा राख्ने व्यवस्था मिलाउने ।
- सामाजिक सुरक्षा focal person सँग समन्वय गरी संपूर्ण लाभग्राहीको विवरण VERP-MIS मा प्रविष्ट गर्ने व्यवस्था मिलाउने । यसको लागि यस विभागका शाखा अधिकृत समिता पोखेल (९८४१६३४६३४) वा कम्प्युटर ईन्जिनियर कल्पना ज्ञवाली (९८४९२५१९९०) सगँ सम्पर्क गर्न सकिने । MIS Data Entry बाँकी रहेमा थप रकम निकासा गर्न समस्या हुने ।
- वडा सचिवको कार्यभार भई पंजिकरणको कार्य गरिरहेका स्थानीय पंजाधिकारीका विवरण यस विभागमा पठाउने । पंजिकरण तर्फको दरबन्दी र पदपुर्ति बारे विभागको प्रशासन शाखाको शा.अ.श्री कमला घिमिरे (९८४००१७८३१) लाई जानकारी उपलब्ध गराउने ।

३) जिल्ला समन्वय समितिको कार्यालयमा कार्यरत पंजीकरण हेर्ने पंजाधिकारीको अन्त कही खटिई गएमा सुचना फाराम लगायतका विवरण बरबुझारत गरेर मात्र रमाना दिन स्थानीय विकास अधिकारीलाई अनुरोध गर्ने ।

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# केन्द्रीय पञ्जीकरण विभाग

बबरमहल, काठमाडौं

फोन नं- ०१४२३३८७९

पत्र संख्याः ०७३/०७४
च. नं. : ८८९

मितिः २०७३।१२।१३

**विषयः** <u>व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम गर्ने सम्बन्धमा</u> ।

**श्री जिल्ला समन्वय समितिको कार्यालय , सबै**
**श्री महा नगरपालिका कार्यालय, सबै**
**श्री उप महानगरपालिका कार्यालय, सबै**
**श्री नगरपालिका कार्यालय, सबै**
**श्री गाऊँपालिका कार्यालय, सबै ।**

प्रस्तुत विषयमा नेपाल सरकार ( सचिव स्तरको) मिति २०७३।१०।२४ को निर्णय अनुसार आगामी २०७४ साल बैसाख १ गते देखि ७ गते सम्म देश भर जनमानसमा व्यक्तिगत घटना दर्ता प्रति सचेतना अभिवृद्धि गर्न र व्यक्तिगत घटनाको दायरा बढाउने उद्देश्यका साथ व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम गर्ने निर्णय भएकोले तहा स्थानीय तहबाट देहाय बमोजिमका कार्यक्रमहरुको आयोजना गरि व्यक्तिगत घटना सप्ताह कार्यक्रम गर्न हुन अनुरोध छ ।

२०७३/१२/१३

अनिल कुमार ठाकुर
महानिर्देशक

**तपसिल:**

१. बैशाख १-७ गते सम्म सबै स्थानीय तहमा निम्न बमोजिमका कार्यक्रमहरु संचालन गरि व्यक्तिगत घटना सप्ताह कार्यक्रम गर्ने :

क) अन्तरक्रिया कार्यक्रम गरि Online घटना दर्ता बारे जानकारी गराउने

ख) विध्यालयहरुमा विभिन्न प्रतियोगितात्मक कार्यक्रम हरु संचालन गर्ने

ग) –यालीको आयोजना गर्ने ।

घ) सरोकारवाला को सहभागितामा अन्य कार्यक्रम गर्ने ।

२. उक्त कार्यक्रम मा स्वास्थ्य संस्था, महिला विकास, संघ-संस्था लगायतका निकाय हरुलाई सहभागि गराउने ।

३. स्थानीय संचार माध्यम हरुमा व्यक्तिगत घटना दर्ताको आवश्यकता र महत्व झल्किने सूचना मूलक सन्देश प्रशारण गर्ने

४. उक्त कार्यक्रमहरुको आयोजना स्थानीय तहबाट गरिने र कार्यक्रम बारे यस विभागलाई जानकारी गराउने

५. यस विभागबाट छनौट भएका न.पा./ गा.पा. मा त्यस अवसरमा छुट्टै कार्यक्रमहरुको आयोजना गरिने तथा केन्द्रीय स्तरमा मूल कार्यक्रम आयोजना गरिने ।